पाणिनी गाउँपालिका
Panini Rural Municipality
गाउँ कार्यपालिकाको कार्यालय
Office of the Rural Municipal Executive

W744 QGC
9857086520
दुर्गाफाँट, अर्घाखाँची
Durgaphant, Arghakhanchi
लुम्बिनी प्रदेश, नेपाल
Lumbini Province, Nepal

प.सं./Letter No.: ०८१/०८२
च.नं./Ref. No.: —

## चमेनागृह सञ्चालन गर्ने सम्बन्धी सूचना

**(तेस्रो पटक प्रकाशित मितिः २०८१/०४/०४)**

पाणिनी गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालयको हाताभित्र चमेनागृह (क्यान्टिन) सञ्चालन गर्न यस अघि प्रकाशित सूचना अनुसारको बोलपत्रमा केहि प्राविधिक त्रुटी भएकोले पुनः यो सूचना प्रकाशित गरिएको छ। इच्छुक फर्म/संस्था तथा व्यवसायीहरुले ५ (पाँच) दिनभित्र शिलबन्दी दरभाउ पेश गर्नुहुन सम्बन्धित सरोकारवाला सबैलाई सूचित गरीन्छ।

**शर्तहरूः**

१. यो सूचना प्रकाशित भएको मितिले ५ (पाँच) दिनभित्र रु. १,०००/- (अक्षरुपी एक हजार मात्र) दस्तुर फिर्ता नहुने गरी तिरी कार्यालय समयभित्र शिलबन्दी दरभाउपत्र खरिद गर्न सकिनेछ।

२. शिलबन्दी दरभाउपत्र नियमानुसार सूचना प्रकाशित भएको मितिले छैठौ दिनको १२:०० बजेभित्र यस गाउँ कार्यपालिकाको कार्यालयमा दर्ता गर्नुपर्नेछ। यसरी दर्ता हुन आएका दरभाउपत्रहरु सोहि दिनको २ बजे खोलिनेछ।

३. शिलबन्दी दरभाउपत्रको बन्दी खाम बाहिर प्रस्तावकर्ताको नाम, ठेगाना, सम्पर्क नं. स्पष्टसँग उल्लेख गर्नुपर्ने छ। साथै निम्न कागजातहरु समावेश गर्नु पर्नेछ।

* प्रस्तावकर्ताको नेपाली नागरिकताको प्रमाणपत्र।
* PAN मा दर्ता भएको प्रमाणपत्र।
* व्यवसाय दर्ता प्रमाणपत्र (समान प्रकृतिको काम गर्ने)।
* आ.व. २०८०/०८१ कर चुक्ताको प्रमाणपत्र।

कार्यालयबाट खरिद गरिएको शिलबन्दी दरभाउपत्रको फारम रीतपूर्वक भरी सही छाप लगाएको हुनु पर्नेछ।

४. चमेनागृहका लागि मासिक रु. २०००/- (दुई हजार) घरभाडा कायम गरिएको छ।

५. चमेनागृह भित्र धुम्रपान तथा मदिराजन्य वस्तुहरुको बिक्री वितरण गर्न पाइने छैन।

६. कार्यालयको नियमानुसार चमेनागृह सञ्चालन गर्नु पर्नेछ। साथै कार्यालयको कामको सिलसिलामा बिदाको दिन वा कार्यालय समय अगाडि, पछाडि पनि सञ्चालन गर्नु पर्नेछ।

७. चमेनागृह सञ्चालन गरे बापत्को विद्युत् महसुल तथा खानेपानी महसुल चमेनागृह सञ्चालकले बुझाउनुपर्नेछ।

८. गाउँपालिकाबाट चमेनागृहको लागि पूर्वाधार तयार गरिनेछ। डेक्स, टेबुल, कुर्सी बाहेकका चमेनागृह सञ्चालनका लागि आवश्यक सामानहरूको व्यवस्था स्वयं व्यवसायीले गर्नुपर्नेछ।

९. सफल प्रस्तावकर्ताले रु, ५०,०००/- कार्य सम्पादन जमानत राखेपछि मात्र सम्झौता गरिनेछ। सम्झौता अवधि २ वर्षको हुनेछ। स्वीकृत स्पेसिफिकेशन भन्दा न्यून गुणस्तरको परिमाणको सेवा प्रवाह गरेमा गाउँ कार्यपालिकाको कार्यालयले कार्य सम्पादन जमानत जफत गरी नगरी सम्झौता जुनसुकै बखत् रद्द वा खारेज गर्न सक्नेछ।

१०. स्वीकृत गुणस्तर परिमाण वा सम्झौता बमोजिमको स्वास्थ्यवर्द्धक सेवा प्रवाह गरे/नगरेको गाउँ कार्यपालिकाबाट अनुगमन हुनेछ।

११. किचन सफा राख्नुपर्ने, खानेतेल शुद्ध (रिफाइन बाहेक) प्रयोग गर्नुपर्नेछ, एक पटक प्रयोग गरेको तेल पुनः प्रयोगमा ल्याउन पाइने छैन, सेफ र वेटरले स्वीकृत ड्रेस कोडको पालना गर्नु पर्नेछ।

१२. प्रस्तावपत्र पूर्ण वा आंशिक रूपमा स्वीकृत वा अस्वीकृत गर्ने अधिकार यस गाउँ कार्यपालिकामा रहनेछ।

१३. माथि उल्लिखीत बाहेकको हकमा पाणिनी गाउँ कार्यपालिकाले गरेको निर्णय नै अन्तिम निर्णय हुनेछ।

१४. थप जानकारीका लागि कार्यालय समयभित्र यस कार्यालयमा वा यस कार्यालयको बेबसाईट www.paninimun.gov.np मा सम्पर्क गर्न सकिनेछ।

**पुनश्चः** *अघिल्लो सूचनामा शिलबन्दी दरभाउपत्र खरिद गरी दरभाउ पेश गरेका प्रस्तावकर्ताहरुले यो सूचना बमोजिम दरभाउपत्र खरिद गर्दा दस्तुर लाग्ने छैन।*

रोमनाथ न्यौपाने
प्रमुख प्रशासकीय अधिकृत